स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



स्वस्तिमा खड्काले 'भर्सटायल' अभिनेत्रीको रुपमा आफ्नो छवि निर्माण गरेकी छन्। 'बुलबुल'मा निर्वाह गरेको 'रणकला'को चरित्र होस् वा 'चिसो मान्छे'मा सुदूरपश्चिमकी 'पुष्पा'को चरित्र नै किन नहोस्, हरेकमा उनले आफूलाई अब्बल रुपमा प्रस्तुत गरेकी छन्। अभिनयमा उनले जुन उचाइँ हासिल गरेकी छन्, त्यो धेरैका लागि लोभलाग्दो छ। अब उनले निर्मात्रीको परिचय पनि थपेकी छन् । उनले आफ्ना श्रीमान् तथा निर्देशक निश्चल बस्नेतलाई पनि संलग्न गराइन् ।

**आजको विचार...**



डा. पुष्पराज पन्त

के...
(दुई पेजमा)

एउटा कलाकारको करिअरमा फिल्मको व्यापारले ठूलो अर्थ राख्छ। चल्तीका कलाकार भए त झन् फिल्मको सफलता अपरिहार्य मानिन्छ। किनकि, फिल्मको सफलताकै आधारमा उनीहरुको करिअर टिकेको हुन्छ भन्दा फरक पर्दैन। एउटा फिल्म मात्र पनि असफल भइदिए ठूलो समस्या उत्पन्न हुन्छ। श्रृंखलाबद्ध रुपमा फिल्म असफल हुँदा संकटमा पुगेका कयौं नेपाली कलाकार छन्। अभिनेता धीरज मगर र अभिनेत्री उपासना सिंह ठकुरी पनि फिल्मको असफलताले ठूलो संकटमा थिए। उनको पहिलो फिल्म 'इन्टु मिन्टु लण्डनमा' सफल भयो।



❒ वर्ष ३० ❒ अंक ७७ ❒ २०८१ असोज १५ गते मंगलबार 1 October 2024, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# एक्लिदैं ज्येष्ठ नागरिक

**जवानीमा अनेक घर, परिवार, इष्टमित्र हाँसीखुसी जीवन बिताएका नागरिक जीवनको उत्तरार्द्धमा एक्लो महसुस गर्दै आएका छन् । ज्येष्ठ नागरिकको अधिकारका बारेमा संविधानमा व्यवस्था गरिएको छ । तर प्रभावकारी कार्यान्वयन भने हुन सकिरहेको छैन ।**

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असोज १४/पाल्पा छहराका ८१ वर्षीय टिकाबहादुर थापा (परिवर्तित नाम) बुटवलमा रहेको मानवसेवा आश्रममा बस्न थालेको ३ वर्ष भयो । उमेर र उर्जा हुञ्जेल खेतीकिसानी गरेरै छोरोछोरी हुर्काए पढाए र विहे समेत गरिदिए । तर उनी अहिले बुढेसकालमा भने एक्लिएका छन् । 'बुढ्यौलीले छोएपछि काम गर्न सकिएन, छोराबुहारी र श्रीमतीले समेत झिँजो मान्न थाले,' उनले भने, 'मलाई चित्त दुख्यो, आश्रममा साहारा नभएका बुढाबूढीहरुलाई राख्छन् भन्ने थाहा पाएँ र यता आएँ । अहिले आनन्द छ ।' घर छोडेदेखि परिवारसँग उनको कुराकानी भएको छैन । कहिले काही छोराले फोन गरेर बोलाउने गरे पनि घर जान मनले नमान्ने थापा बताउँछन् । उनी भन्छन् 'उतिबेला नै वास्ता गरेको भए पनि म यहाँ आउने थिइनँ ।' ऊर्जामय जीवन सकिएर काम



गर्न नसक्ने र परिवारको बेवास्ताको पात्र बन्नुपर्ने अवस्था टिकाबहादुरको मात्रै होइन, गुल्मी हस्तिचौरका ७८ वर्षीय लोकबहादुर खत्री पनि एक्लै जीवन विताउन थालेको ५ वर्ष भयो । उनका चार भाई छोरा, दुई छोरी र एक श्रीमति थिए । श्रीमती बितेको ६ वर्ष भयो । छोरा कोही विदेशमा छन्, केही जागिरे छन्, छोरी आफ्नो घर-घरमा छन्, उनी भने अहिले एक्लै जीवन विताइरहेका छन् । उमेर बढ्दै, शक्ति घट्दै गए पनि आफन्त पनि विस्तारै टाढिने गरेको उनको भोगाइ छ । 'मैले ६ वटा बच्चा कसरी हुर्काएँ, बढाएँ, पढाएँ होला', उनले विगत सम्झँदै भने, 'अहिले छोराहरु विदेशमा छन्, बुहारीहरु छोराछोरी पठाउन भन्दै बजार गएका छन्, उनीहरु अहिलेसम्म घर फर्किएर आएका छैनन् । म एक्लै छु ।' उनले वृद्धाभत्ताले तसोतसो जीवीका चलाउँदै आएका छन् । तानसेनकी मीना विकको पनि एक छोरी छन् । उनका श्रीमानको २ वर्ष अघि मृत्यु भयो । भएकी एक छोरीको विवाह भएको छ । विक उमेरले ६८ वर्षकी भएकी छन् । उनले आँखाभरि आँसु पार्दै भनिन्, 'सुरुका दिनमा कत्ति दुःख पाइयो । छोरीलाई तरकारी बेचेरै पढाएँ, अहिले उनी अर्काको घरमा छिन् म भने एक्लै दिन काटिरहेकी छु ।' एकल महिलाले पाउने भत्ताले उनले अहिले जीवन गुजारिरहेकी छन् । थापा, खत्री, विक मात्र होइन पछिल्लो समय अधिकांस ज्येष्ठ नागरिकहरुको पिडा उस्तै छ । जवानीमा अनेक घर, परिवार, इष्टमित्र हाँसीखुसी जीवन बिताएका नागरिक जीवनको उत्तरार्द्धमा एक्लो महसुस गर्दै आएका छन् ।

**-बाँकी अन्तिम पेजमा...**

## सक्षिप्त समाचार

### अमेरिकाबाट फर्किए प्रधानमन्त्री ओली



**पाल्पा,** असोज १४/प्रधानमन्त्री केपी शर्मा ओली अमेरिकाबाट स्वदेश फर्किएका छन् । संयुक्त राष्ट्रसंघको ७९ औं महासभामा सहभागी भई उनी सोमबार अपरान्ह स्वदेश फर्किएका हुन् ।

प्रधानमन्त्री ओली स्वदेश फर्कनेक्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अति विशिष्ठ कक्षमा उनलाई सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, उपप्रधानमन्त्रीद्वय प्रकाशमान सिंह र विष्णुप्रसाद पौडेलले स्वागत गरेका थिए । अमेरिका भ्रमणका क्रममा उनले अमेरिकी राष्ट्रपति जो बाइडेन, युएसएआइडीकी प्रमुख समान्था पावर, मिलेनियम च्यालेन्ज कर्पोरेशनकी सीइओ एलिस अल्ब्राइट र युएस इन्टरनेशनल डेभलपमेन्ट फाइनान्स कर्पोरेशनकी डेप्युटी सीईओ निशा बिस्वाललगायतसँग भेटवार्ता गरेका थिए । ती भेटहरूमा अमेरिका र नेपालबीचको बलियो द्विपक्षीय सम्बन्धका साथै नेपालको दिगो र समृद्ध भविष्य सुनिश्चित गर्ने विषयमा छलफल भएको थियो ।




# लुम्बिनी प्रदेश पूर्णखोप सुनिश्चित घोषणा

**लुम्बिनी,** असोज १४/लुम्बिनी प्रदेश पूर्ण खोप सुनिश्चित तथा दिगोपना घोषणा गरिएको छ । १५ महिनाभन्दा कम उमेरका बालबालिकालाई राष्ट्रिय खोप तालिका बमोजिम पाउनुपर्ने सबै मात्रा खोप लिएको अवस्थालाई सुनिश्चित गरिएपछि प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सोमबार एक कार्यक्रमकाबीच प्रदेशलाई पूर्णखोप सुनिश्चित भएको घोषणा गरेका हुन् ।



लुम्बिनी प्रदेशमा आर्थिक वर्ष २०८०/८१ रणनीति अनुसार १६ देखि ५९ महिनाका एक सय ३० शून्य मात्राका र दुई हजार तीन सय ४३ खोप लगाउन छुटेका बालबालिकालाई खोजी गरेर पूर्ण खोप लगाइएको छ । लुम्बिनी प्रदेशमा दुई लाख ६२ हजार आठ सय ५६ जना बालबालिकाले पूर्णखोप पाएको सुनिश्चित गरिएपछि पूर्णखोप सुनिश्चित प्रदेश घोषणा गरिएको हो । घोषणा कार्यक्रममा स्वास्थ्यमन्त्री खेम सारुलगायत स्थानीय तहका प्रमुख तथा उपप्रमुखको सहभागिता थियो । बालबालिकालाई विभिन्न सरुवा रोगविरुद्ध खोप लगाइँदै आएको छ । क्षयरोग, भ्यागुते रोग, लहरेखोकी, धनुष्टङ्कार, हेपाटाइटिस बि, हेमोफिलस इन्फ्लुएन्जा बी, पोलियो, दादुरा, रुबेला, न्यूमोनिया, मेनिन्जाईटिस, जापानिज इन्सेफलाइटिस, टाइफाइड, रोटा भाइरसबाट हुने झाडापखालाविरुद्ध खोप उपलब्ध गराउँदै आइएको हो ।

-रासस

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## ज्येष्ठ नागरिक दिवसको औचित्य

ज्येष्ठ नागरिकहरुको सम्मान स्वरुप आज अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाईँदै छ । सन् १९९१ देखि हरेक वर्ष अक्टोबर १ मा अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाउने गरिन्छ । ज्येष्ठ नागरिकहरुलाई सम्मान र अधिकारमा पहुँच पुऱ्याउने उद्देश्यका साथ संयुक्त राष्ट्रसंघको आह्वानमा विश्वभर यो दिवस मनाउने गरिएको हो । तर नेपाली समाजमा अझै पनि ज्येष्ठ नागरिकहरु अपहेलित हुनु पर्ने अवस्था छ । उनीहरु आफ्नै छोराछोरीहरुबाटै अपहेलित हुनुपर्ने अवस्था आउनु दुखद् हो । उमेर बढ्दै जाँदा अर्थात् बूढ्यौली अवस्थामा पुग्दा शारीरिक कमजोरी देखिनु, अशक्तता आउनु तथा सहाराको आवश्यकता पर्नु स्वाभाविक प्रक्रिया हो । यद्यपि, कतिपय अवस्थामा ज्येष्ठ नागरिक परिवार तथा समाजबाटै अपहेलित भएको, उपेक्षित भएको देखिन्छ । यसले गर्दा उनीहरू वृद्धाश्रमको सहारा खोजिरहेका हुन्छन्, पाटीपौवामा जीवन बिताउन बाध्य छन् । त्यतिमात्र होइन आफ्नै सन्तानले बृद्ध बुबाआमाप्रतिको कर्तव्य बिर्सिएर बृद्धाश्रममा पुऱ्याएको पनि पाइन्छ ।

नेपालको संविधान २०७२ को धारा ४१ मा 'ज्येष्ठ नागरिकको हक' शीर्षकमा 'ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ' भनेर उल्लेख गरेको छ तर त्यसले तोकेका अधिकार र संरक्षण गरेका हकहरु कार्यान्वयन हुन सकेका छैनन् । जसका कारण उनीहरु अहिले पनि सम्मानजनक रुपमा बाँच्न पाएका छैनन् । कुनै न कुनै किसिमबाट अपहेलना र तिरस्कृत हुनुपरेको छ । ज्येष्ठ नागरिकका लागि न त सरकारले कुनै ठोस नीति र कार्यक्रम बनाउन सकेको छ न त उनीहरुको आधारभूत आवश्यकतालाई कतैबाट सम्बोधन गर्न सकेको छ । आर्थिक दृष्टिकोणले निष्क्रिय ज्येष्ठ नागरिकलाई घरपरिवार र समाजले पनि बोझ कै रूपमा हेर्ने परम्परा अझै हट्न सकेको छैन । सामाजिक सुरक्षाको लागि हरेक वर्ष आर्थिक भार बढ्दै गएकाले सम्भवतः राज्यले पनि ज्येष्ठ नागरिकहरूलाई बोझ कै रूपमा हेरेको हुनुपर्छ । तर ज्येष्ठ नागरिकलाई बोझ नभई वरदानको रूपमा स्विकार्नु अपरिहार्य छ । कुनै पनि समाज त्यतिबेला अगाडि बढ्नसक्छ, जतिबेला उसले आफ्नो इतिहास र पुर्खाप्रति गर्व गर्नसक्छ । प्रकृतिको शाश्वत सत्य यही हो कि आजको शिशु भोलि बृद्ध हुन्छ । आज हामीले गर्ने सम्मान भोलिका हाम्रा सन्तानले हामीलाई गर्ने सम्मान हो, अर्थात् ज्येष्ठ नागरिकको सम्मान भनेको आफ्नै भविष्य सुरक्षित र सम्मानित बनाउनु हो । तसर्थ समाजका पथप्रदर्शकका रुपमा रहेका ज्येष्ठ नागरिकलाई सधै सम्मान गर्न सकियो भने मात्र ज्येष्ठ नागरिक मनाउनुको औचित्य रहन्छ । अन्यथा दिवस औपचारिकतामै सिमित बन्न पुग्दछ ।

### Opinion @ Social Network

सफलता खोज्दा खोज्दै जिन्दगीको यात्रा नै समाप्त हुन लागि सक्यो,
यहा अझै गन्तव्यको टुङ्गो लागेको छैन ।
*(पवन धामीको फेसबुक स्टाटसबाट www.facebook.com//Pawan.Dhami)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सडक सुरक्षा र जीवनरक्षाका व्यावसायिक पक्ष



**डा. पुष्पराज पन्त**

हाम्रो देशमा यात्रीवाहक बस र मालसामान ढुवानी व्यवसायमा संलग्न यातायात कम्पनीले आफ्नो नामको पछाडि 'सेवा' भन्ने शब्द झुन्ड्याएका हुन्छन् । जस्तै : ...बस सेवा, ...ढुवानी सेवा । त्यसै गरी कम्पनीहरूले नामको पछाडि 'प्रालि' वा 'कम्पनी' पनि लेख्ने गर्छन् । नेपालमा यातायात सेवामा लगभग सबै लगानी निजी क्षेत्रको छ । अत: यो व्यवसाय नाफा कमाउने उद्देश्यका साथ सञ्चालन गरिएको सेवा हो । एक ठाउँबाट अर्को गन्तव्यमा यात्रा गर्दा वा मालसामान ढुवानी गर्दा व्यक्तिले यस्ता यातायात वा ढुवानी कम्पनीले प्रदान गर्ने सेवाको उपभोग गर्छन् । यसलाई मानिस बिरामी भएमा स्वास्थ्य सेवा दिन निजी क्षेत्रबाट खोलिएका स्वास्थ्य संस्थासँग तुलना गर्न सकिन्छ । किनभने स्वास्थ्य संस्थामा उपचारका लागि मापदण्ड, उपकरण र जनशक्ति उपलब्ध छैन भने बिरामीको ज्यानकै जोखिम हुने भनेर निश्चित नियमको परिधि तोकेर निरन्तर अनुगमन सुनिश्चित गरिएको हुन्छ । यसरी राज्य, सरकार र लगानीकर्ताले समन्वयमा कानुनी र व्यावहारिक कार्यद्वारा एक प्रणाली तयार पारेका हुन्छन् । जहाँ रोगहरूको उपचारबाट बिरामी सन्चो बनाउन हरसम्भव प्रयत्न गरिएको हुन्छ । अस्पतालको घर-भवन जति भव्य र ठुलो भए पनि त्यसमा उपरोक्त किसिमको प्रणाली छैन भने बिरामीको उपचार सम्भव हुँदैन । सडक सतह मात्र निर्माण गरेर हुँदैन, त्यसमा सवारीसाधन चलाउने चालक, पैदलयात्री र अन्य सडक प्रयोगकर्तालाई सुरक्षित रहन सहायक हुने गरी सडक सुरक्षाका मापदण्ड, संकेत चिह्न (प्रविधि वा उपकरणमा आधारित पनि) को व्यवस्था गरिनुपर्छ । अन्यथा त्यहाँ दुर्घटनाको सम्भावना हुन्छ । मानिसहरूको यात्रा सुरक्षित छ भन्ने सुनिश्चित गर्न सकिँदैन । देशमा सडक सञ्जाल जताततै फैलिइसकेको छ । पहिले ठुला-ठुला सहर जोड्ने सडक अब वडा, गाउँ र टोलहरू जोड्ने भइसके । सडकमा यात्रीवाहक (सार्वजनिक वा निजी) सँगै ढुवानीका साधन सञ्चालन भइरहेका छन् । हाम्रा कुनै सडक बाह्रै महिना सञ्चालनका लागि सुरक्षित छन् भने अधिकांशको अवस्था दयनीय छ, जहाँ सुक्खा मौसम वा दिनमा यातायात सञ्चालन गर्न सकिए पनि वर्षायाम वा रातमा सम्भव हुँदैन । हाम्रा कुनै कुनै सडक केवल साना सवारी-साधन (दुईपांग्रे वा चारपांग्रे)का लागि मात्र उपयुक्त हुने खालका छन्, तर अक्सर बाटोको क्षमता र सवारीसाधनको प्रकारको हिसाबले होइन कि लहडको भरमा यातायात सेवा सञ्चालन गरिएका कारण ग्रामीण भेगमा दुर्घटनाका खबर बारम्बार आइरहेका छन् । ग्रामीण भेगमा हुने सबै सडक दुर्घटनाको अभिलेख पाउनै मुस्किल छ । राष्ट्रिय तथ्यांक हेर्ने हो भने जति सुगम त्यति धेरै दुर्घटनाको अभिलेख र जति दुर्गम त्यति नै कम दुर्घटनाको तथ्यांक पाइन्छ । उदाहरणका लागि कोशी र मधेस प्रदेशहरूको तुलनामा सुदूरपश्चिम र लुम्बिनी प्रदेशहरूमा अभिलेख गरिएका दुर्घटनाको संख्यालाई तुलना गर्नै नमिल्ने गरी अन्तर पाइन्छ ।

**कानुनी व्यवस्था :** संघीयताको प्रादुर्भावपछि सडकको स्वामित्व संघ, प्रदेश वा स्थानीय तह कसको कति रहने भन्ने बहसले लामो समय खायो । त्यहाँ सञ्चालन हुने यातायात सेवा र त्यसका लागि सञ्चालन गरिने यातायातका साधनको दर्ता, रुट परमिट वा तन्दुरुस्ती जाँचबारे प्रदेशहरूले प्रदेश स्तरीय ऐनहरू निर्माण गरेका छन् । यद्यपि प्रदेश ऐनहरूमा संघको यातायात व्यवस्था ऐन (२०४९) का कतिपय व्यवस्थालाई कपी-पेस्ट गरिएका छन् । ऐन बन्दैमा त्यसले आम जीवनमा खासै ठुलो परिवर्तन गर्न सक्दैन, किनभने त्यसमा भएका प्रावधानको कार्यान्वयनका लागि नियमावली, कार्यविधि वा निर्देशिका बनाउनुपर्छ र कतिपय अवस्थामा दक्ष जनशक्तिसहितको खास संयन्त्र पनि खडा गर्नुपर्छ । नीति-नियमहरू कति प्रभावकारी छन् र तिनमा के-कस्ता परिमार्जन आवश्यक छ भन्ने सुनिश्चित गर्न अनुगमन र मूल्यांकन प्रणाली पनि सँगसँगै सक्रिय हुनुपर्छ, अनि मात्र विद्यमान ऐन-कानुन र नियमले सार्थकता पाउँछन् । हाल नेपालका प्रदेशमध्ये धेरैमा यातायात तथा सडक सुरक्षासम्बन्धी नियमावली, कार्यविधि वा निर्देशिका, मापदण्ड वा रणनीतिक कार्ययोजना बनाइएको छैन । २०८० सालमा मस्यौदा भएको एउटा प्रदेशको 'सवारी तथा यातायात व्यवस्था' नियमावलीमा 'यात्रीवाहक सवारीको वर्गीकरण, स्तर र क्षमता' अन्तर्गत कार र ट्याक्सीलाई 'चालकसहित बढीमा पाँच जनासम्म यात्रु राख्न सक्ने सिट क्षमता भएको' भनेर लेखिएको छ । जुन व्यवस्था २०५४ को यातायात व्यवस्था नियमावलीको नियम १५ (घ)को कपी-पेस्ट हो । नेपालमै पनि ६ वा सात सिटे कार सञ्चालनमा छन् । यस परिभाषाले तिनलाई कसरी समावेश गर्छ ? यसैगरी नियमावली २०५४ को नियम १८ (१) 'क'देखि १८ (१) 'घ'सम्म विभिन्न खालका 'यात्रीवाहक सवारीको स्तर' वर्णन गरिएको छ, त्यसलाई पनि प्रदेश नियमावलीमा हुबहु सारिएको छ, जुन तत्काल विदेशी बजारमा उपलब्ध र नेपाली व्यवसायी र कम्पनीले आयात गर्ने बसहरूको विशिष्टता (स्फेसिफिकेसन)सँग कसरी मेल खान्छ ? यो पनि सोचनीय विषय छ । भन्न खोजिएको के हो भने– अहिले बन्दै गरेका ऐन, नियमावलीहरू पुरानाबाट हुबहु सार्नेभन्दा पनि धरातलीय यथार्थ, प्रचलित कानुन बनेयताका तीन दशकमा अटोमोबाइल प्रविधिमा भएको विकासलाई मध्यनजर गरी बनाइएमा व्यावहारिक हुने र लागु गर्न पनि सजिलो हुन्छ ।

**व्यावसायिक सम्भावना :** नेपालमा सडक सुरक्षाका कार्यक्रममा आर्थिक कारोबार प्रत्यक्ष नदेखिने भएकाले यसमा सबैले सरकारको मुख ताकेर बसेका छन् । हो, समग्र सडक सुरक्षा संयोजन र सरोकारवालासँग समन्वय गर्ने अधिकारसम्पन्न निकाय बनाउने र सडक सुरक्षा कानुन पारित गर्ने काम पनि सरकारकै हो । यद्यपि सडक सुरक्षा वा सडक दुर्घटना न्यूनीकरणका लागि खास कार्यक्रम आवश्यक हुन्छन् । विद्यालयका बालबालिकालाई ट्राफिक नियम घोकाएर मात्रै सडकको सुरक्षा हुँदैन । ट्राफिक प्रहरीले तत्कालमा आफूसँग उपलब्ध जनशक्ति, स्रोत र उपकरण परिचालन गरेर सडकमा उपस्थित भई ट्राफिक नियम पालना गराएर मात्र पनि सडक यातायातलाई सुरक्षित पार्न सकिँदैन । हाल सडक र यातायात व्यवस्थापन गर्ने सरकारी निकायका पदाधिकारीले 'सेफ सिस्टम एप्रोच टु रोड सेफ्टी) भन्ने शब्दावली जान-अन्जानमा प्रयोग गर्ने गरेका छन् । सडक सुरक्षाको प्रणालीगत अवधारणा साँच्चै लागु गर्ने हो भने सरकारी पदाधिकारीले निम्न कार्य गर्नुपर्छ । (१) सडक प्रयोगकर्ता (मानिस) लाई केन्द्रमा राखेर आफ्नो नीति र कार्यक्रम बनाउनुपर्छ । (२) ९० प्रतिशत दुर्घटना चालकको लापरवाहीले हुन्छ भन्न छाड्नुपर्छ । (३) सडक सुरक्षाका क्रियाकलापमा व्यावसायिक सम्भावनाबारे बहस सुरु गर्नुपर्छ । सरकारी अधिकारी, नीति-निर्माता, निजी क्षेत्र र कर्पोरेट हाउसहरू यी कामबारे अनभिज्ञ रहेकाले यसमा लगानी कुनै क्षेत्रबाट पनि आकर्षित हुन सकेको छैन । धेरैले सडक सुरक्षा भन्नेबित्तिकै यो एक किसिमको ज्ञानमूलक, सचेतनामा आधारित, गैरव्यावसायिक क्षेत्र हो र यसमा पुँजीको लगानी र प्रतिफल प्राप्त गर्ने सम्भावना छैन भन्ने बुझेका छन् । देशमा सडकको सतह र पुलहरू मात्र निर्माण हुने तर तिनमा संलग्न गर्नुपर्ने सुरक्षाका कुनै पनि पूर्वाधारमा लगानीको वातावरण नबन्नु यसको प्रमाण हो । यस क्षेत्रमा लगानीका अवसरबारे जानकारी दिने यस लेखको उद्देश्य हो ।

**व्यवसायीकरण :** माथिको उदाहरणमा अस्पतालको भवन आएको छ । त्यस भवनमा जडान गरिने उपकरण, मेसिनरी, प्रयोगशाला, रोग अनुसारका विभाग स्थापना जति बढी र पर्याप्त मात्रामा भयो, त्यति नै अस्पतालले दिने सेवाको गुणस्तर बढ्छ । त्यस्तै सडक र पुलको सतह बनिसकेपछि त्यसमा जडान वा स्थापना गरिने संकेत (प्रविधिमा आधारित पनि) र त्यसको अनुगमनका लागि खटाइने जनशक्तिमा पनि जति बढी लगानी र व्यवस्था गरियो, त्यति नै बढी ती सडकहरूको यात्रा सुरक्षित हुँदै जान्छ । सडक कालोपत्रे बनाइदिएर मात्र राज्यको जिम्मेवारी पूरा हुँदैन । सवारी चालक अनुमतिपत्र लिनका लागि चालकमा पर्याप्त सीप र दक्षता भए वा नभएको, उनीहरूले चलाउने सवारी साधनको नियमित परीक्षण भए वा नभएको, सडकमा पर्याप्त सूचनामूलक संकेत राखेको वा नराखेको पनि हेर्नुपर्ने हुन्छ । दातृ निकायहरू, स्वदेशी लगानीकर्ताहरू वा विश्वका विकसित र दुर्घटना न्यूनीकरणमा उदाहरणीय प्रगति गरेका देशमा बसोवास गर्ने डायस्पोरा समुदायले निम्नलिखित ठुलो परिमाणमा आर्थिक कारोबार हुने क्रियाकलापमा काम गर्ने वातावरण तयार भयो भने तलका आठ बुँदाहरूले अर्बौं रुपैयाँको निर्माण एवं सचेतनाको काम सिर्जना गरी हजारौँलाई रोजगारी दिन सक्नेछ । तत्काल रोजगारी र सडक सुरक्षामा सकारात्मक परिवर्तन ल्याउने व्यावसायिक सम्भावना भएका केही क्रियाकलापहरू निम्नानुसार छन् : १) निर्माण सम्पन्न भएको सडक सतहमा लेन र विभिन्न संकेत रंग लगाउने, सडकछेउमा उचित सेफ्टी ब्यारिअर राख्ने, सडक संकेत बोर्ड राख्ने, कन्भेक्स मिरर (घुम्तीमा ऐना) राख्ने, सडक संकेत बोर्डलाई राति वा अँध्यारोमा पनि देख्न सकिने गरी रिफ्लेक्टर वा बत्ती जडान गर्ने । २) सडकमा दिन-रात निरन्तर र नियमित निगरानीका लागि सडक बत्ती जडान गर्ने, सीसी क्यामेरा जडान गर्ने, ती सीसीटीभीको नियमित रेखदेख गर्ने कन्ट्रोल रुम र त्यहाँ काम गर्ने दक्ष टेक्निसियनहरूको दरबन्दी तोक्ने र तालिम दिई काममा लगाउने । ३) देशैभरि चालक प्रशिक्षण केन्द्र खोल्ने, चालक प्रशिक्षकलाई पेसाका रूपमा प्रवर्द्धन गर्ने । स्वरोजगार र संस्थागत चालक प्रशिक्षण दिएर दक्षताको प्रमाणपत्र पाएपछि मात्र चालक अनुमतिपत्र परीक्षा लिइने व्यवस्था सतहत्तरै जिल्लामा गर्ने । ४) गाडीको कन्डिसन जाँच्ने मेकानिक्स तयार पार्ने, वर्कसप खोल्न स्टार्टअप लगानी व्यवस्थापन गर्ने । उनीहरूलाई संस्थागत व्यवस्थापन गरी कुन गाडीको कहाँबाट कहिले के के परीक्षण भएको हो भनेर अस्पतालबाट बिरामीको विवरण प्राप्त गर्ने शैलीमा एक प्रणालीद्वारा अनुगमन गर्ने । ५) गुणस्तरीय हेल्मेटको व्यवस्था र उपलब्धता सुनिश्चित गरी त्यसको बजारीकरण गर्ने । ६) सडक प्रयोगकर्ता सचेतनाका लागि सामग्री उत्पादन र वितरण गर्ने । ७) फुटपाथलाई अपांगमैत्री बनाउन इन्जिनियरिङ सर्भे गरी एक ठाउँबाट ह्विलचेयरमा हिँडेको व्यक्ति कतै पनि अवरोध नभएर कसरी पुग्न सक्छन् भन्ने नक्सांकन तयार गर्ने र सो अनुसार फुटपाथको डिजाइन र निर्माण गर्ने । ८) बाटो काट्नका लागि उपयुक्त स्थानहरू पहिचान गर्न व्यावहारिक सर्भे गरी जेब्रा क्रसिङ, अन्डरपास, पुल वा बत्तीले बाटो काट्ने स्थानहरू अंकित गर्ने । यथोचित आवश्यकता अनुसार पेन्टिङ गर्ने, बत्ती राख्ने वा संरचना निर्माण गर्ने । काम गर्ने वातावरण भनेको सरकारलाई यो काम जरुरी छ भन्ने ज्ञान सचेत बनाउने हो, त्यसका लागि नियम-कानुन बनाई कार्यान्वयन गर्न सजिलो बनाउने पनि हो । काठमाडौंमा मेट्रो रेल वा त्यस्तै कुनै ठुला परियोजना तत्काल बनाउन भू-उपयोगिता व्यवस्थापन जटिल छ, तर देशको कुनै अन्य सहर छानेर त्यहाँ परीक्षण तहमा सानो परिमाणमा नमुना प्रदर्शन गरेर काठमाडौँका जनप्रतिनिधिलाई विश्वस्त पार्न सकिन्छ । कतिपय क्रियाकलापको अनुगमन तथा मूल्यांकनमा स्थानीय पालिका तहलाई समावेश गरेमा उपरोक्त क्रियाकलाप र परिणामको दिगोपन पनि सुनिश्चित गर्न सकिन्छ ।

*-रातोपाटी डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : शुभकार्यको चर्चा चल्नेछ । बित्तिय संस्थाबाट सहयोग पाईनेछ । | **तुला** :आफन्तको सहयोग प्राप्त हुनेछ । आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । |
| **वृष** :आफूलाई कमजोर भएको अनुभूति हुनेछ, महत्वपूर्ण अवसर गुम्न सक्छ । | **बृश्चिक** :आज पढाइमा बाधा आउनेछ, यात्रामा सावधानी अपनाउनु पर्नेछ । |
| **मिथुन** :आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । बैदेशिक कार्य अघि बढ्नेछ । | **धनु** : साहित्यिक क्षेत्रमा रुची बढ्ने र धार्मिक यात्राको योग पनि छ । |
| **कर्कट** :सुन्दर पहिरनले ब्यक्तित्वमा निखारता ल्याउनेछ, नयाँ कार्य बन्नेछ । | **मकर**: कार्य सम्पादनमा सहजता मिल्नेछ, सफल यात्रा पनि हुनेछ । |
| **सिंह**: जग्गाजमीनको कारोबार र शेयर बजारबाट राम्रो प्रतिफल मिल्नेछ । | **कुम्भ** : कष्टकर यात्रा गर्नुपर्ला वैदेशिक क्षेत्रको कार्य सहजै अघि बढ्नेछ । |
| **कन्या** : अचल सम्पत्ती हात पर्ने योग छ । शुभ समाचार पनि सुन्न पाइएला । | **मिन** : आँटेको र ताकेको कार्य पुरा होला, राज्यबाट मान सम्मान पाइनेछ । |

विज्ञान/सूचना प्रविधि

# २६ वर्षको भयो गुगल




सर्च इन्जिन गुगलले शुक्रबार २६ वर्ष पूरा गरेको छ । सन् १९९८ मा स्थापना भएको गुगलले शुक्रबार सेप्टेम्बर २७ मा २६औं जन्मदिन मनाएको हो । स्टानफोर्ड विश्वविद्यालयमा विद्यावारिधी गरिरहेका दुईजना विद्यार्थी ल्यारी पेज र सर्गेइ ब्रिनले गुगलको स्थापना गरेका थिए । गुगलले सेप्टेम्बर २७ मा आफ्नो बर्थडे मनाउने गरेको भए पनि यसको वास्तविक स्थापना मिति चाहिं सेप्टेम्बर २७ होइन । गुगलको जन्मोत्सवको रोचक तथ्य यस्तो छ : वास्तवमा सर्गेइ ब्रिन र ल्यारी पेजले सन् १९९८ को सेप्टेम्बर ५ मा गुगललाई एक कम्पनीको रुपमा पहिलोपटक दर्ता गरेका थिए । त्यसअघि सन् १९९७ को सेप्टेम्बर १५ मै उनीहरुले गुगलको वेब डोमेन दर्ता गरेका थिए । गुगलको आफ्नै ब्लग पोस्टमा भनिएको छ - हाम्रो कम्पनी स्थापनाको एकीन मिति अहिलेसम्मै यसको जवाफ दिनुपर्ने ठाउँमा रहेका हामीहरुका लागि समेत विवादित छ । गुगल कम्पनी सेप्टेम्बर ४ मा स्थापना भएको हो । तर, एक दशक भन्दा लामो समययता हामीले सेप्टेम्बर २७ मा बर्थडे मनाउँदै आएका छौं । ब्लुम्बर्गका अनुसार गुगल सर्च इन्जिनको वास्तविक जन्ममिति चाहिं सेप्टेम्बर ८ हो । सन् १९९८ को सेप्टेम्बर ८ मा गुगल पेज पहिलोपटक अनलाइनमा आएको थियो । तर, गुगलले केवल २००३ मा मात्रै सेप्टेम्बर ८ तारखेमा आफ्नो जन्मदिन मनाएको छ र त्यसअघि तथा पछि पनि पटक-पटक आफ्नो जन्ममिति परिवर्तन गरिरहेको छ । सन् २००४ मा गुगलले सेप्टेम्बर ७ तारेखमै आफ्नो जन्मदिन मनाएको थियो । सन् २००५ मा चाहिं उसले सेप्टेम्बर २६ मा बर्थडे मनायो । अर्को वर्ष सन् २००६ देखि गुगलले सेप्टेम्बर २७ मा आफ्नो जन्मदिन मनाउन थालेको हो, जुन अहिलेसम्मै जारी छ । गुगलले सेप्टेम्बर ४, सेप्टेम्बर ८ तथा सेप्टेम्बर १५ मा जन्मदिन मनाउनु स्वभाविकै हुन्थ्यो । किनकि उल्लेखित मितिमा गुगल कम्पनी स्थापना, गुगल पेज अनलाइनमा आएको तथा गुगलको डोमेन दर्ता भएका थिए । तर, सेप्टेम्बर २६ तथा सेप्टेम्बर ७ मा बर्थडे मनाउनुको खास कारण चाहिं छैन । त्यसोभए किन उसले सेप्टेम्बर २७ मा बर्थडे मनाइरहेको छ त ? यसको चाहिं एउटा कारण छ । सन् २००६ मा गुगलले आफ्नो सर्च इन्जिनमा कीर्तिमानी २७ पेज अनुक्रमणीकरण अर्थात् इन्डेक्सिङ गरेको ऐतिहासिक उपलब्धिलाई सेलिब्रेट गर्नका लागि गुगलले सेप्टेम्बर २७ मा आफ्नो जन्मदिन मनाउन थालेको हो । यो उसको मार्केटिङ रणनीति तथा सर्च इन्जिनको क्षेत्रमा आफ्नो प्रभुत्व स्थापित भएकोमा खुसीयाली मनाउने काइदा हो ।


**के हो गुगलको अर्थ ?**

गुगल अर्थात् न्यग्नभि शब्द न्यग्नभि बाट अपभ्रंश भएर आएको हो । यो एउटा विशाल संख्याको गणितीय नाम हो जसमा एक अंक पछाडि १०० वटा शुन्ना हुन्छन् । अर्थात् एकसय वटा शुन्ना भएको कुनै पनि अंकलाई जनाउनका लागि गुगोल लेखिन्छ । गुगलले विशाल मात्रामा जानकारीहरु प्रदान गर्न सक्छ भन्ने कुरा दर्शाउनका लागि यस्तो नामाकरण गरिएको हो । तर, नयाँ वेबसाइट दर्ता गर्न आएको बेला सेर्गेइ ब्रिनले त्यसको नाम गलत उच्चारण गरेपछि गुगल डटकमको जन्म भएको हो ।

**गुगल सम्बन्धी केही अनौठा तथ्य :** गुगल सर्च इन्जिनमा हरेक दिन डेढ सय वटा विभिन्न भाषामा अर्बौं सर्च हुन्छन् र ती सर्च डेटाहरु २० भन्दा धेरै डेटा सेन्टरबाट प्राप्त भएका हुन्छन् । यो कुरा सुन्दा पत्यार नलाग्न सक्दछ, तर यथार्थ के हो भने सर्गेइ ब्रिन र ल्यारी पेजको बीचमा जुन पहिलो बैठक भएको थियो, त्यसबेला कुनै पनि कुरामा सहमति बनेको थिएन । तर, पछि उनीहरु दुवै मिलेर गुगलको स्थापना गरे । गुगल बन्नुअघि यसको सुरुवाती नाम द्यबअपचगद थियो । गुगल सुरुमा वेब लिंकहरुमै निर्भर थियो र यसले कम्पनीहरुको महत्वको आधारमा सूचीकरण गर्नका लागि ब्याक लिंकहरुको विश्लेषण गर्दथ्यो । पछि सन् १९९८ को सेप्टेम्बर २७ मा मात्रै गुगल कम्पनी आधिकारिक रुपमा दर्ता भएको थियो । सन् १९९८ को सेप्टेम्बर २७ मा भाडामा लिइएको एक ग्यारेजमा गुगल इंक नामक कम्पनीको आधिकारिक जन्म भयो र सोही ग्यारेजलाई नै गुगलले आफ्नो पहिलो अफिस बनायो । सन् २००६मा गुगल शब्दलाई शब्दकोषमा क्रियापद (खभचद) को रुपमा सामेल गरियो । मेरियम वेब्स्टर डिक्सनरीमा न्यग्नभि शब्दको अर्थ वर्ल्ड वाइड वेबमा कुनैपनि जानकारी प्राप्त गर्नका लागि सर्च गर्नु भन्ने लेखिएको छ । गुगलले गरेको पहिलो ट्वीट ।Úm 01100110 01100101 01100101 01101100 01101001 01101110 01100111 00100000 01101100 01110101 01100011 01101011 01111001 00001010 हो । गुगलको आधिकारिक ह्याण्डलबाट सन् २००९ को फेब्अरी २५ मा उक्त ट्वीट गरिएको थियो । बाइनरी कोडमा गरिएको यो ट्वीटको अर्थ I am feling lucky भन्ने हुन्छ । यो गुगल सर्चको एउटा लोकप्रिय Search function हो ।

*-अनलाइन खबर डटकम*

# वैज्ञानिकहरूले अर्बौं वर्षसम्म रहने मानव 'जिनोम' राखे



वैज्ञानिकहरुले सबै मानव 'जिनोम'लाई एक फाइभडी मेमोरी क्रिस्टलमा राख्न सफल भएका छन् । भविष्यमा मानवजाति विलुप्त हुनबाट जोगाउने आशामा बेलायती वैज्ञानिकहरूले मानव जिनोमलाई मेमोरी क्रिस्टलमा राखेका हुन् । बेलायतको युनिभर्सिटी अफ साउथह्याम्प्टनको अप्टोइलेक्टोनिक रिसर्च सेन्टरले बनाएको क्रिस्टलमा लोप हुन लागेका बोटविरुवा र अन्य प्राणीको विवरण समेत राख्न सकिने बताइएको छ । जिनोममा नै जीवको सम्पूर्ण डीएनए अथवा आनुवंशिक सामग्री रहेको हुन्छ । यो ५डी मेमोरी क्रिस्टलमा ३६० टेराबाइट्ससम्मको विवरण अर्बौं वर्षसम्म सुरक्षित तरिकाले राख्न सकिने बताइएको छ । यसले अत्यधिक चिसो, तातो, प्रत्यक्ष दबाब, ब्रह्माण्डीय विकिरण र एक हजार डिग्री सेल्सियससम्मको तापक्रम सहनसक्ने बताइएको छ । सन् २०१४ मा यो क्रिस्टलले सबैभन्दा दिगो स्टोरेज मेटेरियलका रूपमा जेनस वर्ल्ड रेकर्ड बनाएको थियो । साउथह्याम्प्टन विश्वविद्यालयमा प्रोफेसर पिटर काजान्स्कीको टोलीले अल्ट्रा-फस्ट लेजर प्रयोग गरी मानव जिनोमको डाटालाई २० न्यानोमिटर जति सानो पारेका थिए । एक न्यानोमिटर एक मिटरको एक अर्ब हिस्सामध्ये एक हुन्छ । यो क्रिस्टलमा रहेको विवरणलाई पाँच डाइमेन्सन ट्रान्सलेट गर्न सकिने हुँदा ५डी भनिएको छ । यो क्रिस्टलमा फाइभजीका रूपमा डाटा राख्नसक्नुले सधैं रहने गरी बोटविरुवा तथा प्राणीको विवरण राख्न मिल्ने भण्डारको निमार्णका लागि बाटो खुला गरेको प्रोफेसर काजान्स्कीको भनाइ छ । भविष्यमा यसलाई जहाँसुकै जोसुकैले पाएको अवस्थामा जानकारी होस् भन्ने उद्देश्यले मेमोरी क्रिस्टल भित्र के जानकारी छ भन्ने कुरा यसमा रहेको भिज्युअलकिमा राखिएको छ । तर, यो डाटालाई भविष्यमा कसले र कसरी पढ्न सक्ला भन्ने प्रश्न रहेको छ । यसअघि सन् २०१८ काजान्स्कीको टिमले एक आइज्याक असिमोडको फाउन्डसन पुस्तकलाई मेमोरी क्रिस्टलमा राखेको थियो । अन्य कागजात राख्न पनि यो प्रविधि प्रयोग भएको छ । वैज्ञानिकहरूले हालै पृथ्वीका जीवहरूलाई चन्द्रमामा क्रायोजेनिक बोयोरिपोजिटरीमा राख्ने योजना सार्वजनिक गरेका थिए ।

*-बाह्खरी डटकम*

# विपद्को घडीमा एनसेलको साथ

Ncell

देशभर भारी वर्षाका कारण बाढी र पहिरोले गर्दा लाखौं नेपालीहरूले सामना गर्न परेको यस कठिनाइ घडी र व्यापक क्षतिप्रति हामी चिन्तित छौं । यस्तो विपद्को समयमा आफ्नो परिवार तथा आफन्तजनसँग सम्पर्कमा रहिरहन अरू सामान्य अवस्थामा भन्दा सञ्चार सेवाको आवश्यकता अझै झन बढी हुन्छ । एक जिम्मेवार कर्पोरेट नागरिकको रूपमा, एनसेल आफ्ना ग्राहकलाई उहाँहरूको परिवार, आफन्तजन, साथीभाइ र आवश्यक उद्धार तथा सहयोगका लागि सम्पर्कमा रहिरहन सञ्चार सेवा सुनिश्चित गर्न प्रतिबद्ध छ । भारी वर्षाका कारण सिर्जना भएको यस कठिन परिस्थितिलाई ध्यानमा राख्दै, एनसेलले शनिवार ( असोज १२, २०८१) बिहान देखि नै बाढी र पहिरोबाट प्रभावित क्षेत्रका आफ्ना ग्राहकहरूलाई नि:शुल्क डेटा उपलब्ध गराइसकेको छ । यस पहलले हाम्रा ग्राहकलाई परिवार, आफन्तजन, साथीभाइसँग सम्पर्कमा रहन, महत्वपूर्ण जानकारी प्राप्त गर्न, तुरुन्तै आवश्यक सहयोगको लागि सम्पर्क गर्न र सुरक्षित रहन सहयोग पुऱ्याउने उद्देश्य लिएको थियो ।नि:शुल्क डेटा उपलब्ध गराउनुका साथै, कम्पनीले हालको अवस्थाको मूल्याङ्कन गरिरहेको र क्षतिको विस्तृत जानकारी प्राप्त गरेपछि राहतका कार्यमा थप योगदान गर्नेछ । नेपाली जनताको सुरक्षालाई सुनिश्चित गर्न र

*नेपाली जनताको सुरक्षालाई सुनिश्चित गर्न र नेपाल सरकारको प्रयासमा सहयोग गर्न एनसेल विभिन्न विपद् व्यवस्थापनमा काम गर्ने निकायहरूसँग समन्वय र सहकार्य गरिरहेको छ । एक करोड ३० लाख भन्दा बढी ग्राहकलाई सञ्चार सेवा प्रदान गर्ने एनसेल एक दूरसञ्चार सेवा प्रदायक कम्पनी मात्र नभई नेपाल र नेपाली समुदायहरूको एक अभिन्न अङ्ग हो । हाम्रो सेवा ग्राहकलाई अनलाइन राख्न मात्र सीमित नभई यो सेवाको मद्दतले ग्राहकले आवश्यक सहयोग लिन पाउन, राहत तथा उद्धार कार्यका लागि समन्वय गर्न पाउन र आफ्ना परिवार तथा प्रियजनहरूसँग सम्पर्कमा रहिरहुन् भन्ने हो ।*

नेपाल सरकारको प्रयासमा सहयोग गर्न एनसेल विभिन्न विपद् व्यवस्थापनमा काम गर्ने निकायहरूसँग समन्वय र सहकार्य गरिरहेको छ । एक करोड ३० लाख भन्दा बढी ग्राहकलाई सञ्चार सेवा प्रदान गर्ने एनसेल एक दूरसञ्चार सेवा प्रदायक कम्पनी मात्र नभई नेपाल र नेपाली समुदायहरूको एक अभिन्न अङ्ग हो । हाम्रो सेवा ग्राहकलाई अनलाइन राख्न मात्र सीमित नभई यो सेवाको मद्दतले ग्राहकले आवश्यक सहयोग लिन पाउन, राहत तथा उद्धार कार्यका लागि समन्वय गर्न पाउन र आफ्ना परिवार तथा प्रियजनहरूसँग सम्पर्कमा रहिरहुन् भन्ने हो । विपद्को समयमा हामी एनसेल तपाईंको साथमा छौं र आवश्यक सहयोग गर्न प्रतिबद्ध छौं । एनसेल परिवार बाढी र पहिरोबाट प्रभावित सबैमा सहानुभुति व्यक्त गर्दछौं । हामी राहत तथा पुर्नउस्थान कार्यका लागि आवश्यक सहयोग गर्न प्रतिबद्ध छौं । हामी तपाईंकै लागि । *-हाम्रा कुरा डटकम*

## कृषि ज्ञान केन्द्र
### तानसेन, पाल्पा

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

*प्रथम पटक सूचना प्रकाशन मिति २०८१/०६/१४*

कृषि ज्ञान केन्द्र, पाल्पाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सञ्चालन हुने विभिन्न कार्यक्रमहरु क्रमश: **लक्षित समुदाय विशेष आयआर्जन कार्यक्रम, बीउ आत्मनिर्भर कार्यक्रम, सिंचाईसहित कृषि विकास कार्यक्रम, करार खेती कार्यक्रम, किवी प्रवर्द्धन कार्यक्रम (पूर्वखोला गाउँपालिका),बाली वस्तु विशेष सघन व्यवसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम (तरकारी र सुन्तलाजात फलफूल), कृषक सम्मान कार्यक्रम, विपतबाट क्षति पुगेका कृषक/उद्यमी/फर्म/समुह/सहकारीलाई पुर्नस्थापनाका लागि वस्तुगत सहयोग कार्यक्रम**मा सहभागी हुन इच्छुक आवेदक (कृषक/कृषि फर्म/कृषकसमुह/सहकारी/जल उपभोक्ता समिति/कृषिमा आधारित कम्पनी) ले प्रथम पटक सूचना प्रकाशित मितिले ४० दिन भित्र (मिति २०८१/०७/२३ गते सम्म) मा यस कार्यालयमा तपसिलको कागजातहरुसहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाचाँ, व्यवसायिक योजना, संलग्न गर्नुपर्ने कागजात, सञ्चालन कार्यविधि यस कार्यालयको सूचनापाटी/वेवसाईट www.palpa.akc.gov.npबाट प्राप्त गर्न सकिन्छ । थप जानकारीको लागि कार्यालयको सम्पर्क नम्बर ०७५-५२०२९४, ९८५७०६५००६ मा सम्पर्क गर्न सकिन्छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यवहोरा समेत जानकारी गराईन्छ ।

**संलग्न गर्नुपर्ने कागजातहरु:**

१. प्रस्तावकको निवेदक (अनुसूची ३३ बमोजिम) ।
२. दर्ता/नविकरण भएको प्रमाण-पत्र प्रतिलिपि (समूह/निजि फर्म/कम्पनी/सहकारी) ।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्र प्रतिलिपि छनोट भएको हकमा सम्झौता पूर्व पेश गर्नुपर्ने ।
५. कार्यक्रम सञ्चालनको लागि व्यवसायिक कार्ययोजना सहितको प्रस्ताव (अनुसूचि ३५ बमोजिम) ।
६. सम्बधित स्थानीय तहको सिफारिस पत्र ।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि ।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा ।

धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र ।

**सन्तोष कुमार चौधरी**
**निमित्त प्रमुख**

# बाढी–पहिरो : मृतकको संख्या दुई सय पुग्यो



**पाल्पा,** असोज १४/अविरल वर्षाका कारण भएको बाढीपहिरो र डुबानमा परी हालसम्म दुईको मृत्यु भएको छ । देशका विभिन्न स्थानमा भएका विपद्का घटनाबाट सोमबार साँझसम्म मृत्यु हुनेको संख्या दुई सय पुगेको गृह मन्त्रालयले जनाएको छ ।

उक्त घटनामा परी २६ जना बेपत्ता छन् भने एक सय २७ जना घाइते भएका छन् ।अझै बाढीपहिरोमा परेकाहरुको खोज, उद्धारको काम भइरहेको छ । पहिरोका कारण केही सडकहरु खुलाइएको छ भने केही खुलाउने काम भइरहेको जनाइएको छ । सोमबार साँझसम्मको विवरण अनुसनर देशभर बाढी पहिरोले अवरुद्ध बनेका ३ सय ४५ स्थानमा दुईतर्फी सडक सुचारु भएको छ । त्यस्तै ४ सय ८ स्थानमा भने एकतर्फी मात्र सडक सुचारु रहेको सडक विभागले जनाएको छ । विभागका अनुसार नागढुंगा-मुग्लिन सडक अन्तर्गत मौवा खोला, हुक्दीखोला, फिस्लिङ, कालीखोला, सिमलताल, जलबीरे, घोप्टेभिर खण्डमा दुईतर्फी नै सडक खुलेको छ । नागढुंगा-मुग्लिन सडक अन्तर्गत झ्याप्लेखोला र जवाङ खोला खण्डमा एकतर्फी मात्र सडक सुचारु छन् । राहतका लागि सबै सुरक्षा निकाय परिचालित भई हालसम्म करिब चार हजार पाँच सयभन्दा बढी विपद् प्रभावितको उद्धार गरिएको गृह मन्त्रालयले जनाएको छ । बाढीपहिरो प्रभावितलाई खाद्यान्नलगायत आपत्कालीन राहत सामग्री उपलब्ध गराइएको तथा घाइतेको निःशुल्क उपचार भइरहेको जानकारी दिइएको छ । सरकारले खोज, उद्धार र राहतलाई उच्च प्राथमिकता दिएको छ ।

# बैंकसम्म पुग्न नसक्नेलाई वडाबाटै सामाजिक सुरक्षा भत्ता



**पाल्पा,** असोज १४/जिल्लाको बगनासकाली गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता लिन बैंकसम्म पुग्न नसक्ने नागरिकहरुका लागि वडाबाटै वितरण गर्न थालेको छ । पालिकाले नेपाल बैंक पाल्पा शाखासँगको समन्वयमा बैंकसम्म पुग्न नसक्ने ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूलाई वडासम्मै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गर्न थालेको हो ।

पालिकाले सोमबारदेखि ८ वटै वडामा पुगेर सामाजिक सुरक्षा भत्ता वितरण थालेको छ । यो असोज २३ गतेसम्म हुने छ । वडा नं. १ चिर्तुङ्गधाराको सामाजिक सुरक्षा भत्ता नेपाल बैंक चिर्तुङ्गधारा, काउण्टरबाट वितरण गरिने गाउँपालिका अध्यक्ष सरस्वती दर्लामी चिदीले बताइन् । गाउँपालिकाले वडास्तरमा सहज र सरल सेवा प्रवाह गर्ने उद्देश्यले ज्येष्ठ, असहाय र अपाङ्गता भएकाहरूको लागि सेवा प्रवाह गर्न लागेको अध्यक्ष चिदीको भनाई छ । गाउँपालिका उपाध्यक्ष हरिप्रसाद पाठकका अनुसार असोज १४ गते ७ नम्बर वडा कार्यालय खानीगाउँ, १५ गते ६ नम्बवर वडा कार्यालयको गुँगा मा.वि. १६ गते ६ नम्बर वडा कार्यालयकै सीता मा.वि.बाट सुरक्षा भत्ता वितरण गरिनेछ ।

यस्तै असोज १८ गते ५ नम्बर वडा कार्यालय दर्लमडाडाँ, १९ गते ८ नम्बर वडा कार्यालय बराङ्दी, २० गते ४ नम्बर वडा कार्यालय खानीछाप, २१ गते ३ नम्बर वडा कार्यालय आर्यभञ्ज्याङ्ग, २२ गते २ नम्बर वडा कार्यालय पोखराथोक र २३ गते ९ नम्बर वडा कार्यालय चापपानी लिधिनडाडाँमा भत्ता वितरण गरिने छ । बगनासकाली गाउँपालिकाभरमा ज्येष्ठ नागरिक, दलित ज्येष्ठ नागरिक, एकल ज्येष्ठ, विधवा आर्थिक सहायता, (क) वर्ग अपाङ्गता, (ख) वर्ग अपाङ्गता र दलित बालपोषण गरी ३ हजार १ सय ४४ जना सामाजिक सुरक्षा भत्ता खानयोग्य लाभग्राहीको खातामा ३ करोड १४ लाख ५३ हजार ४ सय ११ रुपैंया सामाजिक सुरक्षा भत्ता रकम जम्मा भइसकेको पालिकाले जनाएको छ । बैंकमा घण्टौं लाइन बसेर टाढाबाट भत्ता लिन जान कठिन परेको बेला वडाबाटै भत्ता बुझ्न पाएपछि वृद्धवृद्धाहरू भने उत्साहित भएका छन् ।

# एक्लिदैं ज्येष्ठ...

... ज्येष्ठ नागरिकको अधिकारका बारेमा संविधानमा व्यवस्था गरिएको छ । तर प्रभावकारी कार्यान्वयन भने हुन सकिरहेको छैन । उनीहरुलाई सम्मान र अधिकारमा पुहँच पुऱ्याउने उद्देश्यसाथ हरेक वर्ष नेपालसहित विश्वभर अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाउने गरिन्छ । संयुक्त राष्ट्र संघको आह्वानमा सन् १९९० देखि अक्टोबर १ लाई संसारभर नै अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसका रुपमा मनाउने गरिएको हो । सोही अनुसार यस वर्षको दिवस आज विभिन्न कार्यक्रम गरी मनाइँदै छ । पछिल्लो केही वर्षदेखि ज्येष्ठ नागरिकका हक अधिकारमा उल्लेख्य प्रगति हुँदै गए पनि समाजमा जेष्ठ नागरिकलाई अपमान गर्ने घट्ना भने बढिरहेका छन् । ज्येष्ठ नागरिकमाथि आपसी विश्वासघात, शारीरिक वा मनोवैज्ञानिक क्षति, आर्थिक बेवास्ता, यौनजन्य दुर्व्यवहार, बेवारिस पार्नु र अधिकारका लागि सडकमा उत्रन बाध्य हुनु प्रमुख समस्याका रूपमा देखिएको छ । सरकारले २०५१ सालदेखि मासिक ज्येष्ठ नागरिक भत्ता दिदैं आएको छ । उनीहरुलाई परिचयपत्र वितरण गरी सार्वजनिक सवारीसाधनमा दुईवटा सिट आरक्षण गरिएको भाडामा ५० प्रतिशत छुट दिने व्यवस्था छ । तर सहज रुपमा कार्यान्वयन हुन सकिरहेको छैन् । सरकार स्वयंले ज्येष्ठ नागरिकलाई दिइएका सुविधा र सुरक्षा पर्याप्त छैन ।

## खेलकुद समाचार

# नेपालले ओमानलाई ३७ रनले हरायो



**काठमाडौं,** असोज १४/क्यानडामा भइरहेको त्रिदेशीय टि-ट्वान्टी शृङ्खलामा नेपालले ओमानलाई हराएको छ । किङ सिटीमा सोमबार बिहान सकिएको खेलमा नेपालले ओमानलाई ३७ रनले हराएको हो । नेपालले दिएको एक सय ७७ रनको लक्ष्य पछ्याएको ओमान १९ ओभर एक बलमा एक सय ३९ रन बनाउँदै अल आउट भयो । ओमानका लागि सोयब खानले सर्वाधिक ४५ तथा रन बनाए । नेपालका करण केसीले तीन विकेट लिए । त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा छ विकेट गुमाएर एक सय ७६ रन बनाएको थियो । नेपालका लागि गुलशन झाले नट आउट रहँदै सर्वाधिक ४० रन बनाए । ओमानका कप्तान अकिब इल्यासले तीन विकेट लिए । यो शृङ्खलाको पहिलो खेलमा अस्ति शनिवार नेपाल घरेलु टोलीसँग १४ रनले पराजित भएको थियो । नेपालले तेस्रो खेलमा भोलि क्यानडासँग र चौथो खेलमा बुधवार फेरि ओमानसँग खेल्नेछ ।


वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५–५२०६०१

मनको आवाज.............
'नाम पनि युनिक, काम पनि युनिक'
युनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
युनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


## अर्थ/कर्पोरेट समाचार

# सेयर बजारमा सुधार



**पाल्पा,** असोज १४/नेपाली सेयर बजारमा अघिल्ला दुई दिन उच्च अंकले घटेको नेप्सेमा सोमबार भने केही सुधार आएको छ । नेप्सेमा ४४ दशमलव ४५ अंकले वृद्धि भई सेयर बजारमा सुधार आएको हो ।

नेप्से बढेसँगै २ हजार ५ सय ८ दशमलव ८६ विन्दुमा उक्लेको छ । अघिल्लो दिनको तुलनामा नेप्से १.८० प्रतिशतले बढेको हो । गत बिहीबार ३२ र आइतबार २२ अंकले नेप्से घटेको थियो । सेन्सेटिभ इण्डेक्स १ दशमलव ४४ प्रतिशतले बढेर ४ सय ५१ दशमलव ३४ विन्दुमा अडिएको छ । यसदिन ३ सय १९ स्क्रिप्सको ९७ लाख १७ हजार ९ सय ५९ कित्ता सेयर ३ अर्ब ७१ करोड ५३ लाख ५९ हजार ९ सय ३५ रुपैयाँमा खरिदबिक्री भए । उच्च अंकले बढेको बजारमा एउटा मात्रै कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । सीईडिबी हाइड्रोपावर डेभलपमेन्टको सेयर १० प्रतिशतले बढ्यो । यसैगरी कुमारी सबल योजनाको ९.९८, युनाइटेड मोदी हाइड्रोपावरको ९.५८,सर्वोत्तम सिमेन्टको ९.४७ र सोनापुर मिनरल्सको ९.११ प्रतिशतले मूल्य बढ्यो । कारोबार रकमका आधारमा सीईडिबी हाइड्रोपावर शीर्षस्थानमा रह्यो । सो कम्पनीको १७ करोड ६९ लाख मूल्य बराबरको सेयर कारोबार भयो । यसैगरी सर्वोत्तम सिमेन्टको १५ करोड १५ लाख मूल्य बराबरको सेयर कारोबार हुँदा शिवम् सिमेन्टको १५ करोड,नेपाल फाइनान्सको १३ करोड र हिमालयन रिइन्स्योरेन्सको ८ करोड ७६ लाख मूल्य बराबरको सेयर कारोबार भयो । म्युचुअल फण्डबाहेक अन्य समूहको उपसूचक सकारात्मक देखिएका छन् ।


# विपद्बाट बचौं र बचाऔं

- विपद् आकस्मिकरुपमा आउने हुँदा :
- विपद्बाट बच्न आवश्यक पूर्वतयारी गरौं,
- समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
- प्रहरी, दमकल, एम्बुलेन्सलगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं,
- विपद् आईहालेमा नआत्तिऔं,
- बालबालिका, वृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्याल राखौ,
- विपत्तिमा परेकालाई उद्दार र पुर्नस्थापनामा सहयोग गरौं,
- विपद्सम्बन्धी सचेतना फैलाऔं,
- विपद्बाट हुने जनधनको क्षति न्यूनिकरण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई